# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, भाद्र १२ गते २०३० साल [ अतिरिक्ताङ्क ३१

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरवारको

### सूचना

श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्वविद्यालयको कुलपतिको हैसियतले उप-कुलपति डा. त्रैलोक्यनाथ उप्रेतीको कार्यावधि यही भाद्र १९ गते समाप्त हुने भएकोमा, अर्को व्यवस्था नभएसम्म त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ बमोजिम डा. त्रैलोक्यनाथ उप्रेतीलाई उप–कुलपतिको काम गर्ने गरी तोकिबक्सेको छ ।

साथै मौसूफबाट त्रिभुवन विश्वविद्यालयको उप–कुलपतिको पदमा नियुक्तिको लागि मौसूफका हजूरमा तीन जनाको नामावली सिफारिश चढाउन त्रिभुवन विश्वविद्यालय ऐन २०२८ बमोजिम त्रिभुवन विश्वविद्यालय सभाका सदस्यहरूमध्येबाट देहायबमोजिम एक समिति गठन गरिबक्सेको छ ।

१. माननीय शिक्षा मन्त्री श्री कृष्णराज अर्याल, उपाध्यक्ष, त्रिभुवन विश्वविद्यालय सभा ।

२. डा. त्रैलोक्यनाथ उप्रेती ।

३. शिक्षा सचिव श्री कृष्णबहादुर मानन्धर ।

हुकुम बक्सेबमोजिम,
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।